मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १६ गते सोमबार ❑ 1 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## प्रधानमन्त्री ओली स्वागत समारोहमा सहभागी

रासस
काठमाडौं, १५ भाद्र

प्रधानमन्त्री केपी शर्मा ओली चीनका राष्ट्रपति सी चिनफिङ र उहाँकी धर्मपत्नी पेङ लियुआनद्वारा शाङ्घाई सहयोग सङ्गठन (एससिओ) प्लस को शिखर सम्मेलनमा सहभागी मुलुकका लागि आयोजित स्वागत समारोहमा सहभागी हुनुभएको छ।

चीनको थियानजिन मेइजियान सम्मेलन केन्द्रमा आयोजित सांस्कृतिक प्रस्तुतिसहितको रात्रिभोजमा प्रधानमन्त्री ओली, प्रथम महिला राधिका शाक्यसहितको प्रतिनिधि मण्डलमा उच्च पदाधिकारी पनि सहभागी हुनुभएको हो। राष्ट्रपति सीको मैत्रीपूर्ण निमन्त्रणामा प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली यही भदौ १४ गतेदेखि यहाँ पाँचदिने भ्रमणमा रहनुभएको छ। भ्रमणका क्रममा पहिलो दिन प्रधानमन्त्री ओली र राष्ट्रपति सीबीच द्विपक्षीय भेटवार्ता भइसकेको छ।



यसै गरी सोमबार सुरु हुने शिखर सम्मेलनमा प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुहुनेछ। प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच अनौपचारिक भेट भएको छ। चीनका राष्ट्रपति सी चिनफिङ र उहाँकी धर्मपत्नी पेङ लियुआनद्वारा शाङ्घाई सहयोग सङ्गठन (एससिओ) प्लस को शिखर सम्मेलनमा सहभागी मुलुकका लागि आयोजित स्वागत समारोहमा उहाँहरूबीच अनौपचारिक कुराकानी भएको हो । चीनको थियानजिन मेइजियान सम्मेलन केन्द्रमा आयोजित सांस्कृतिक प्रस्तुतिसहितको रात्रिभोजमा प्रधानमन्त्री ओलीसँग भएको अनौपचारिक भेटको तस्बिर समकक्षी मोदीले आफ्नो सामाजिक सञ्जाल एक्समा सार्वजनिक गर्नुभएको छ । उहाँले थियानजिनमा नेपालका प्रधानमन्त्री ओलीलाई भेट्न पाउँदा खुसी लागेको बताउनुभएको छ।

नेपालसँग भारतको सम्बन्ध निकै गहिरो र विशेष भएको पनि भारतीय प्रधानमन्त्री मोदीले एक्समा उल्लेख गर्नुभएको छ।

## गौरा सामाजिक एकताको पर्व: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

पोखरामा आइतबार गौरा पर्व मनाइएको छ। सुदूरपश्चिम सम्पर्क एवं विकास समाजले गौरा पर्व मनाएको हो।

समारोहमा प्रमुख अतिथि गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट, विशेष अतिथि उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्द लगायतको उपस्थिति रहेको थियो । प्रदेश प्रमुख भट्टले गौरा पर्वलाई एकताको पर्वका रहेको बताउनुभयो । सुदूरपश्चिममा यो पर्वको निकै महत्व रहेको र धुमधामका साथ मनाइने गरेको बताउनुहुँदै उहाँले अहिले सुदूरपश्चिमेली जहाँ जहाँ पुगेका छन्, त्यहाँ गौरा पर्व मनाइने गरेको उल्लेख गर्नुभयो। 'काम विशेषले घरबाहिर गएका व्यक्तिहरु यसै पर्वमा फर्कने गर्दछन् । यो पर्वले आपसी सम्बन्धलाई बलियो बनाउने गरेको छ। कुनै भेदभाव बिना नै अंगालो मारेर देउडा खेल्दै रमाउने गरेका छन्।' उहाँले भन्नुभयो - 'गौरा पर्वले मानिसमा धार्मिक आस्था, आपसी सद्भाव बढाउन मद्दत पुगेको छ । समाजलाई एकसूत्रमा बाँधेको छ ।' विवाह गरेका चेलीहरू माइती आउँदा परिवारमा खुसी थपिने गरेको भन्दै उहाँले गौरा सामूहिक



रूपमा मनाउने पर्व भएकाले यसले सामाजिक सद्भावलाई पुनर्ताजगी प्रदान गर्ने उल्लेख गर्नुभयो । 'देउडा एकअर्कासँग अँगालो मारेर खेल्ने गरिन्छ । जसले हामी एक हौं भन्ने सन्देश दिन्छ । वर्षभरि तीतामीठा जे भए पनि गौरा पर्वमा सबैलाई बिर्साइदिन्छ।' उहाँले भन्नुभयो - 'नयाँ ताजा सम्बन्ध जोडिदिन्छ। जसले एकताको सन्देश दिन्छ। गौराले आपसमा रहेका तिक्तालाई पनि हटाइदिन्छ ।' कार्यक्रममा देउडा गीत प्रस्तुतीसँगै बिरुडा खुवाइएको थियो । समाजका अध्यक्ष निरज पन्तका अनुसार भाद्र कृष्ण पञ्चमीका दिनदेखि आरम्भ हुने गौरा पर्वको पहिलो दिन घर-घरमा महिलाले तामाका भाँडामा बिरूडा अर्थात् पाँच प्रकारका अन्न भिजाएर पर्वको थालनी गरेका छन् । महिलाले व्रत बसेर गहुँ, केराउ, गहत, मास र गुरौस मिसाएर तामाका भाडामा भिजाएका छन् । यिनै पाँच अन्नको मिश्रणलाई 'बिरूडा' भन्ने गरिन्छ। महिलाले दोस्रो दिन पानीका मुहान र धारामा शुभ मुहूर्तमा सामूहिक रूपमा बिरूडा धोएर गौरा देवीको प्रतिस्थापन गर्ने चलन छ। सप्तमीका दिन गौरा देवीलाई नजिकको मठ-मन्दिरमा भित्राएर पूजा-अर्चना गरी विवाहित महिलाले दुबधागो चढाउने गर्छन्। गौराष्टमीका दिन व्रत बसेर महिला बिहानैदेखि गौरा मनाउने स्थल गौरा खलोमा पूजाआजा गर्छन्। साँझपख अभिषेक गरेर दुबधागो घाँटीमा लगाएर देवीको पूजा गर्ने परम्परा रहेको पुरोहितको भनाइ छ । सोही दिन महिलाले प्रसादका रूपमा बिरूडा ग्रहण गरी आफ्ना घरपरिवारका सदस्यको टाउकोमा पुज्ने र निधारमा बिरूडा थापिदिने चलन छ। सुदूरपश्चिमका दार्चुला, बैतडी, डडेल्धुरा, डोटीका बासिन्दाले दसैंभन्दा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा-जोमसोम हवाई सेवा सञ्चालन

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ भाद्र

पोखरा-जोमसोम हवाई सेवा दुई महिनापछि सञ्चालन भएको छ । बर्खायामको मनसुनसँगै हवाई यात्रुको चाप घट्दै गइरहेको र प्रतिकूल मौसमका कारण दुई महिनादेखि सेवा बन्द रहेको थियो।

निजी वायुसेवा कम्पनी यति एयरलाइन्सको भगिनी संस्था तारा एयरलाइन्सले गत असार २ देखि र समिट एयरलाइन्सले असार २० गतेदेखि पोखरा-जोमसोम हवाई उडान बन्द गरेका थिए। जोमसोम नागरिक उड्डयन कार्यालयका प्रमुख दीपक पोखरेलले पर्यटकीय याम सुरु भएसँगै उडान भर्न सुरु गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार यहाँ पोखरा-जोमसोम हवाई उडानका लागि समिट एयरलाइन्सको ट्विनअटर जहाजले आइतबारदेखि उडान भर्न सुरु गरेको छ।

आइतबार पहिलो दिन समिट एयरलाइन्सको जहाजले पोखरा-जोमसोम दुईवटा उडान भरेको कार्यालय प्रमुख पोखरेलले बताउनुभयो। सुरुआती उडानको पहिलो दिन ३६ जना यात्रु लिएर जहाज जोमसोम विमानस्थलमा अवतरण गरेको उहाँले बताउनुभयो । कार्यालय प्रमुख पोखरेलले आज मात्रै मुस्ताङमा तीनवटा हेली कम्पनीले आठवटा उडान भरेको जानकारी दिनुभयो। तारा एयरलाइन्सको जहाजले पनि एक हप्तापछि यहाँ उडान भर्ने जनाएको छ। तारा एयरलाइन्सका जोमसोम स्टेसन इञ्चार्ज सुजन लालचनले सेप्टेम्बर ७ तारिखमा आफ्नो एयरलाइन्सले उडान सञ्चालन गर्ने बताउनुभयो।

## गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनका लागि सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र कोपिला नेपाल, पोखरा-६ बीच गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनका लागि सम्झौता भएको छ।

सम्झौतामा मन्त्रालयका महाशाखा प्रमुख प्रकाशचन्द्र ढुङ्गाना र कोपिला नेपालकी कार्यकारी निर्देशक बिना सिलवालले हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार कोपिला नेपालले "गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन (प्रथम संशोधन), कार्यविधि २०८२" बमोजिम घरेलु हिंसा, लैंगिक हिंसा तथा मानव बेचविखनबाट पीडित महिला र बालिकाको उद्धार, संरक्षण, आश्रय र पुनर्स्थापना सेवा प्रदान गर्नेछ। केन्द्र सञ्चालनका लागि आवश्यक कर्मचारी तलब-भत्ता, प्रशासनिक खर्च र दैनिक व्यवस्थापनको जिम्मेवारी पनि कोपिला नेपालले नै लिनेछ। मन्त्रालयले लैंगिक हिंसा निवारण कोषबाट उद्धार, आश्रय, लत्ताकपडा, स्वास्थ्योपचार, कानुनी सहायता, पोसिलो खाना लगायतका शीर्षकमा खर्च उपलब्ध



गराउने सम्झौता पत्रमा उल्लेख छ। पीडितहरूको संख्या, बसाइ अवधि, उद्धार विवरण र खर्च अभिलेख प्रमाणित गरी त्रैमासिक आधारमा रकम भुक्तानी हुने जनाइएको छ । सम्झौता हस्ताक्षर कार्यक्रममा बोल्दै मन्त्री बिन्दु कुमार थापाले हिंसापीडित महिलाका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र यसअघि प्रदेशमै नभएको जानकारी गराए। उनका अनुसार अहिले आएर मात्र प्रदेश सरकारले यसको थालनी गरेको छ। प्रदेश सरकारले ७० प्रतिशत र पोखरा महानगरपालिकाले ३० प्रतिशत बजेट व्यवस्थापन गरेर केन्द्र सञ्चालनलाई सुनिश्चित गराइएको हो। कोपिला नेपालले दीर्घकालीन पुनर्स्थापना केन्द्रलाई व्यवस्थित तवरले संचालन गर्नेमा मन्त्री थापा विश्वस्त छन् । गण्डकी प्रदेश सरकारले महिला, बालबालिका तथा समाजकल्याणतर्फ महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको उनले उल्लेख गरे।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव नवराज ढकालले लामो समयदेखि प्रयास हुँदै आएको दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापनाको कार्य २०८२ सालमा कानुनी कार्यविधि पारित भएपछि सम्भव भएको बताए। यसअघि ८ वटा अल्पकालीन पुनर्स्थापना केन्द्र सञ्चालन भए पनि दीर्घकालीन पुनर्स्थापना केन्द्र पहिलोपटक स्थापना भई सञ्चालनमा आएको उनको भनाई छ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले यस सम्झौतामार्फत केन्द्र सञ्चालनलाई ऐतिहासिक दिनको संज्ञा दिएकी छिन् । "लैंगिक हिंसापीडितहरूले अझै पनि उजुरी दिन डराउँछन्। यसरी संस्थागत संरचना बनेपछि उनीहरूको सुरक्षा र अधिकार सुनिश्चित हुने आशा गरिएको छ", उनले भनिन् । कोपिला नेपालकी कार्यकारी निर्देशक बिना सिलवालले लामो यात्रापछि सपना पूरा भएको बताइन्। "१५ वर्षअघि देखिएको सपना आज साकार भएको छ। अब यो यात्रामा अझ धेरै चुनौती छन्। हिंसापीडितलाई सुरक्षित बनाउन र उनीहरूको जीवनलाई नयाँ दिशातर्फ लैजान सबैको सहकार्य आवश्यक छ", उनले भनिन्।

हिंसा पीडित महिला तथा बालिकाहरुको उद्धार, संरक्षण, राहत र पुनर्स्थापनाका लागि उक्त केन्द्र संचालनमा ल्याइएको हो । पोषणयुक्त खाना, लत्ताकपडा, सुरक्षित आवास, स्वास्थ्य उपचार, शिक्षा, मनोसामाजिक परामर्श, कानुनी सहायता, पारिवारिक पुनर्मिलन, सीप विकास तालिम र पुनर्स्थापना जस्ता विषयवस्तुलाई उक्त केन्द्र संचालन गर्ने कार्यविधिमा समेटिएको छ। ७ वर्ष सम्मका आश्रित बालबालिकालाई पीडितसँगै केन्द्रमा राख्न पाउने व्यवस्था समेत मिलाइएको जनाइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विश्व प्रसिद्ध संगीतकार विक्रम हाजराको आध्यात्मिक सत्संग अमृतधारा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

भजन, कीर्तन, र ध्यानमार्फत आध्यात्मिक आनन्द र आन्तरिक शान्तिको अनुभव गराउने उदेश्य आयोजित आध्यात्मिक सत्संग अमृतधारा सांगीतिक कार्यक्रम पोखराा सम्पन्न भएको छ ।

द आर्ट अफ लिभिङ पोखरा परिवारद्वारा आयोजित र होटल माउण्ट कैलाशको समन्वय, सहकार्यमा सम्पन्न कार्यक्रममा आर्ट अफ लिभिङका वरिष्ठ प्रशिक्षक तथा विश्व-प्रसिद्ध संगीतकार विक्रम हजराले आफ्नो प्रस्तुतीबाट सबैलाई मन्त्रमुग्ध पारेका थिए । उनका भजनहरू विशेषगरी कृष्ण, शिव, देवी र गणेशका भजनहरूको लागि प्रसिद्ध छन्। उनको संगीतले आध्यात्मिकता र आधुनिकतालाई समेटेर एक अनौठो मिश्रण प्रस्तुत गर्दै आएको छ । उनका भजनहरू 'अच्युतम् केशवम्', 'राधे राधे राधे श्याम', 'हर हर भोले शंकरा' जस्ता लोकप्रिय छन् । उनले भजनकै बीचमा नेपाली गीत 'वारी जमुना पारी जमुना' गीत गायर सहभागी दर्शक स्रोताको मन जितेका थिए ।



कार्यक्रममा प्रमुख अतिथि कास्की जिल्ला न्यायाधीश हिमलाल बेलबासेले गीत संगीतमा आध्यात्मिक चेतना जगाउने र सत्मार्गमा लाग्न प्रेरणा दिने शक्ति हुने धारणा राखे । उनले पर्यटकीय शहर पोखरामा चर्चित संगितकार, भजन गायक र आध्यात्मिक प्रशिक्षक विक्रम हाजरा उपस्थिती र गायकीको प्रशंसा गरे । कार्यक्रम संयोजक तथा गण्डकी प्रदेश संयोजक नरेश भट्टराइले हाजराको प्रस्तुतिमा संगीत र ध्यानको अनौठो संगमले श्रोताहरूलाई गहिरो आध्यात्मिक अनुभव प्रदान गरेको बताए । उनले १५ सय बढीको उपस्थिती रहेको कार्यक्रमले सांस्कृतिक र भौगोलिक सीमानाहरूलाई पार गरी विभिन्न पृष्ठभूमिका मानिसहरूलाई एकताबद्ध गर्दै सकारात्मक ऊर्जा फैलाउन सफल भएको बताए । आर्ट अफ लिभिङले विश्वभर यस्ता सत्संगहरू आयोजना गर्दै सामुदायिक भावना र कल्याणलाई प्रोत्साहन गर्दै आएको र पोखराको यो कार्यक्रमले संस्कृति र परम्पराहरूको संरक्षण गर्दै सहभागीहरूलाई खुशी र पूर्ण जीवन जिउन प्रेरित गरेको गण्डकी प्रदेशका प्रशिक्षक सौमाया गुरुङले बताइन । उनका अनुसार सत्संग शब्द संस्कृतका "सत" (सत्य) र "संग" (संगत) बाट आएको हो, जसको अर्थ "सत्यको संगत" हो ।

सो कार्यक्रममा आर्ट अफ लिभिङका कन्ट्री कोअर्डिनेटर देवीका शाह, भूतपूर्व कन्ट्री कोअर्डिनेटर मिखा माथेमा, टिचर कोअर्डिनेटर राजेश खड्का लगायतको सहभागिता थियो। साथै, नेपालका विभिन्न जिल्लाबाट आएका प्रशिक्षकहरू र भक्तजनहरूको ठूलो संख्यामा उपस्थिति रहेको थियो ।

# नेपाल फार्मेसी संघ कास्कीको अध्यक्षमा साजन भण्डारी

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

"जहाँ औषधी त्यहाँ फर्मासिष्ट" भन्ने मूल नाराका साथ अगाडि बढेको नेपाल फार्मेसी संघ कास्कीको प्रथम भेला तथा अधिवेशन सम्पन्न भएको छ ।

भेलाले साजन भण्डारीको अध्यक्षतामा १७ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ। जसको उपाध्यक्षद्वयमा अर्जुन धिताल, नवराज पौडेल, महिला उपाध्यक्ष प्रिया शर्मा, महासचिव सन्तोष शर्मा, सचिवद्वयमा सफल पाण्डे, राम कुमार श्रेष्ठ, महिला सचिव सुनिता पौडेल, कोषाध्यक्ष मिलन क्षेत्री, सहकोषाध्यक्ष विष्णु प्रसाद ढकाल रहेका छन् । त्यसैगरी सदस्यहरुमा सुष्मा पोखरेल, संगिता के.सी., सागर पुन, नरेन्द्र शाही, राजेश न्यौपाने, विकास खड्का र पवन तिवारी रहेका छन् । भेलालाई सम्वोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पेशागत हकहितका लागि पोखरा महानगरपालिका सधै तपाइँहरुको साथमा रहेको बताउनुभयो । उहाँले "तपाइँहरुको यो व्यवसाय नभई पेशा हो, हेक आम नेपालीको स्वास्थ्यसँग तपाइँहरुको पेशा जोडिएको हुन्छ, त्यसैले तपाइँहरुको पेशालाई थप मर्यादित बनाउन हामी सधैं सकारात्मक रहेका छौं" भन्नुभयो । नेपाल फार्मेसी संघका केन्द्रीय अध्यक्ष युवराज भुसालले नयाँ नेतृत्वले फार्मेसी क्षेत्रका हक अधिकार र पेशागत अधिकारका लागि सक्रिय भूमिका निर्वाह गर्न आह्वान समेत गर्नुभयो । उहाँले आफ्नो पेशालाई मर्यादिन बनाई संघलाई चलायमान राखी अगाडि बढ्न आग्रह गर्नुभयो । उद्घाटन सत्रमा बोल्दै नेपाल फार्मेसी संघका केन्द्रीय महासचिव सुवर्णराज पन्तले अब हामी आफ्नो व्यवसायको हकहितका लागि जस्तोसुकै कदम चाल्न पनि पछि नपर्ने बताउनुभयो । आफ्ना पेशाको हक हितको लागि नेपाल फर्मेसी संघसँग जोडिन आम फार्मेसी संघसंस्थाहरुलाई आग्रह गर्नुभयो । कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रतिनिधि भुपेन्द्र पौडेलले समेत बोल्नुभएको थियो। नेपाल फार्मेसी संघ गण्डकी प्रदेशका अध्यक्ष विना मल्लको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत साजन भण्डारीले गर्नुभएको थियो भने कार्यक्रमको संचालन सन्तोष शर्माले गर्नुभएको थियो ।




# जनप्रियमा विद्यार्थी सम्मान तथा विदाई कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

जनप्रिय बहुमुखी क्याम्पस पोखरामा आइतबार व्यवस्थापन संकाय अन्तर्गत स्नातक तह चौथो वर्ष उत्तीर्ण भएका विद्यार्थीहरूलाई सम्मान तथा बिदाइ कार्यक्रम सम्पन्न भयो

क्याम्पसको व्यवस्थापन संकायको आयोजना भएको कार्यक्रममा प्रमुख अतिथि तथा क्याम्पस सञ्चालक समितिका अध्यक्ष नारायण बिजुक्छेले विद्यार्थीहरूलाई बधाई दिँदै उनीहरूको उज्ज्वल भविष्यको कामना गरदै जनप्रिय क्याम्पस सामुदायिक क्याम्पसहरूमध्येको उत्कृष्ट क्याम्पस रहेको कुरा जोड दिए । त्यसैगरी, क्याम्पस प्रमुख कृष्णबाबु बरालले विद्यार्थीहरूलाई आफ्नो लक्ष्य निर्धारण गरी अगाडि बढ्न प्रेरित गर्दै शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै एमबिएकोअर्डिनेटर दिव्यालक्ष्मी चालिसेले सबै सहभागीहरूलाई बधाई र सम्मान गरेका थिए ।



कार्यक्रममा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीहरू सन्तोष थापा मगर र दिपक सिंह महरा लगायत सबै उत्तीर्ण विद्यार्थीहरूलाई माला, खादा र मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो । यसका साथै, नेपाल राष्ट्र बैंक पोखरा शाखाद्वारा आयोजित २०८० र २०८१ को हाजिरी जवाफ प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेका विद्यार्थीहरू रामप्रसाद भट्टराई, रामबहादुर तामाङ, कुलबहादुर केसी र राजन पौडेललाई समेत सम्मान गरियो । कार्यक्रममा नेपाल विद्यार्थी संघका सुदर्शन पगेनी, अनेरास्ववियुका सचिन अधिकारी र सर्वोत्कृष्ट विद्यार्थी सन्तोष थापा मगरले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । व्यवस्थापन संकायका विभागीय प्रमुख ऋषिराम ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत तथा स्नाकोत्तर तह कार्यक्रमको बारेमा एमबिएस कार्यक्रम संयोजक दिव्यलक्ष्मी चालिसेले गरेकी थिइन् साथै उक्त कार्यक्रम विद्यार्थी हितशाखा प्रमुख बेदहरी तिमिल्सिनाले सञ्चालन गरेका थिए ।

# तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

'हाम्रो सँस्कृति हाम्रो पहिचान लोपोन्मुख सस्कृति जोगाउने हाम्रो अभियान' भन्ने नाराका साथ नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसर पारि पोखरा महानगरपालिका वडा नम्बर १ स्थित पुरानो टुँडिखेलमा आयोजना गरिएको तेस्रो संस्करणको ऐतिहासिक टुँडिखेल तीज महोत्सव २०८२ सम्पन्न भएको छ ।



टुँडिखेलस्थित इन्द्रेणी एकिकृत विकास केन्द्रको आयोजना र विद्युतीय सवारी निर्माता कम्पनीले बीवाईडीको मुख्य प्रायोजनमा ५ भाद्रदेखि सुरु महोत्सव समापन समारोहमाविभिन्नप्रतियोगताका विजेताहरुको घोषणा सगै पुरस्कार वितरण गरिएको थियो । विजेताहरुलाई समापन समारोहका प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आर्चाय, आयोजक केन्द्रका अध्यक्ष भानुभक्त अधिकारी लगायतले पुरस्कार वितरण गरेका थिए । महोत्सव अर्न्तगत आयोजना गरिएको तीजगीत प्रतियोगितामा सहनसिल दिदिवहिनी समूह पोखरा २२ प्रथम, पोखरा नसिङ्ग क्याम्पस समूह दोस्रो, कमल जैसी आमा समुहले तेस्रो स्थान हात पार्दा उर्जासिल दिदीवहिनी समूह पोखरा १० र एकलधारा सृजनशिल मिलन समाज पोखरा ५ ले सान्तवना स्थान हात पारे । प्रतियोगितामा उत्कृष्ट भेषभूषा वैशि क्षेत्र दिदीवहिनी समुह, उत्कृष्ट शब्द मिलीजुली आमा समूह, उत्कृष्ट नृत्य कास्कीकोट दिदिवहिनी समूह र विशेष सहभागिताको पुरस्कार राष्ट्रिय मा.वि. कक्षा ५ समूहले हात पारे । एकल नृत्यतर्फ सृष्टी गुरुङ प्रथम, पद्मा पौडेल दोस्रो, दिया गुरुङ तेस्रो र सृष्टी सुनारले सान्तवना स्थान हात पारिन ।

ढिकी जाँतोतर्फ हुमकला आर्चायको समूह प्रथम, विजया अधिकारीको समूह दोस्रो, चन्द्रा अधिकारीको समूह तेस्रो र सर्मिला तामाङको समूहले सान्त्वना स्थान हात पारे । छेलोतर्फ दुजिक थापा मगर प्रथम, मिलन सुनार दोसो सञ्जय अडाइ मगरले तेस्रो स्थान हात पारे ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

रासस
पोखरा, १५ भाद्र

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले आइतबार रातिदेखि लागू हुने गरी डिजेल/मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ, इवाई इन्धन (आन्तरिकतर्फ) मा एक रुपैयाँ र हवाई इन्धन अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर सातले घटाएको हो ।

पेट्रोल तथा एलपी ग्यासको बिक्री मूल्य भने यथावत् राखिएको छ । नयाँ बिक्री मूल्यअनुसार डिजेल/मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर क्रमशः १४२ रुपैयाँ ५० पैसा, १४४ रुपैयाँ र १४५ रुपैयाँ तोकिएको छ। यस्तै, आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १२७ रुपैयाँ तोकिएको छ। हवाई इन्धन अन्तरराष्ट्रियतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ९६६ निर्धारण गरिएको निगमले जनाएको छ ।

इन्डियन आयल कर्पोरेसनबाट मूल्य घटेर आएकाले नेपाली बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# संगम टोल विकास संस्थाको अध्यक्षमा विष्णु

पोखरापत्र संवाददाता
पोखरा, १५ भाद्र

पोखरा महानगरपालिका वडा नं १३ स्थित संगम टोल विकास संस्थाको १८ औ साधारण सभा तथा नवौ अधिवेशनले विष्णु गुरुङलाई अध्यक्ष पदमा चयन गरेको छ ।




संस्थाको उपाध्यक्षमा गणेश गुरुङ, महिला उपाध्यक्षमा तुलसी गुरङ, सचिवमा अञ्जु तामाङ, सहसचिवमा कृपा गुरुङ र कोषाध्यक्षमा लक्ष्मी थापा, सह कोषाध्यक्षमा लाल वहादुर गुरुङ चयन भएका छन् । हालै भएको अधिवेशनले सदस्यहरुमा क्रमश ममता नेपाली, विष्णु जिसी, मन सुब्बा नेपाली, सीता तामाङ, सविता शाही, सरिता श्रेष्ठ ,सुमन नेपाली, ह्योमायाँ गुरुङ, चिर सुब्बा गुरुङ र ओम गुरु रहेका छन् । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले कार्यक्रमको उद्घाटन गर्दै संस्थाका सदस्यहरुलाई क्षमता विकासको लागि कुनै पनि कार्यक्रम ल्याउनु भएमा सहयोग गर्ने तयार रहेको भने ।

संगम टोल विकास संस्थाका अध्यक्ष धर्मराज पौडेल अल्पायूको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पूर्व अध्यक्ष दामवहादुर गुरुङ, संगम टोलविकास आमा समूहका अध्यष ज्ञानु गुरुङ, संस्कृत क्याम्पस वगरका सह प्रध्यापक अम्बिक प्रसाद भट्टराई, संस्थाका सल्लाहकार रामप्रसाद तामाङ र पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णुवहादुर गुरुङले स्वागत र सचिव तुलसी थापा मगरले संचालन गरेका थिए ।

**आमा समुहका अध्यक्ष ज्ञानु**

सोही दिन आमा समुहको




अध्यक्षमा ज्ञानु गुरुङ, उपाध्यक्षमा चिन्ता गुरुङ, सचिवमा लीला गुरुङ रहेका छने भने सदस्यहरुमा क्रमश आशा गुरुङ, शर्मीला परियार, छक्क मायाँ गुरुङ र इन्द्र गुरुङ रहेका छन् ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# गौरा...

पनि बढी महत्वका साथ मनाउने गौराको आगमनले यतिबेला सुदूरपश्चिममा चहलपहल बढाएको छ । गौरा पर्वको प्रमुख आकर्षणका रूपमा रहेको देउडामा पौराणिक कथा, देवीदेवताका गाथा र धार्मिक ग्रन्थ गाउने गरिन्छ । त्यति मात्रै नभएर सामाजिक विकृतिविरूद्ध पनि देउडाका माध्यमले तिखो व्यङ्ग्य गर्ने गरिन्छ । महिलाले यस अवसरमा आफ्ना सुख-दुःख देउडाका माध्यमबाट व्यक्त गर्छन् । देउडाका साथै धमारी, ढुस्को, होरी खेलसमेत खेल्ने गरिन्छ । यी सबै सामूहिक खेल हुन् । वर्ष खान नपाउनेहरू पनि गौरामा मिठो खान्छन् । वर्षभरि फाटेका लुगा लगाउनहरू पनि एक जोर नयाँ लुगा लगाउँछन् । जसले समाजमा सबै समान भएको देखाउँछ । अर्को महत्वपूर्ण कुरा यदि गाउँमा कुनै मानिस मरेमा त्यो वर्ष गौरा ल्याइँदैन । त्यो वर्ष सबैले दुःख साटासाट गर्दछन् । यसले गाउँलेमा भएको आत्मीयतालाई झल्काउँछ । एकको दुःख सबैको दुःख हो । दुःख र सुख सबै बराबर साटासाट गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्दछ । यसबाट के पुष्टि हुन्छ भने गौरा पर्व सामाजिक एकता तथा सद्भावको पर्व हो । यसले समाजलाई एकताको सूत्रमा बाँधेको छ । संस्कृति, भाषा चलनको संरक्षणसँगै सामाजिक सद्भाव पनि कायम राखेको छ । समग्रमा, गौरा पर्वले सामाजिक एकता, पारिवारिक मिलन तथा भाषा संस्कृतिको संरक्षणका लागि अतुलनीय योगदान पुऱ्याएको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# वाचनालयदेखि पुस्तकालयसम्म दीपशिखा

**वासुदेव पौडेल**
गण्डकी, १५ भाद्र/रासस

कुनैबेला सामान्य वाचनालयका रुपमा सुरु गरिएको कास्कीको पोखरा महानगरपालिका-२९ भण्डारढिकस्थित दीपशिखा वर्तमानमा यस क्षेत्रकै सुविधा सम्पन्न पुस्तकालयका रुपमा विकास भएको छ।

विसं २०४८ मा स्थानीय समाजसेवी र शिक्षाप्रेमीको पहलमा सुरु गरिएको वाचनालय पुस्तकालयमा स्तरोन्नति भएको मात्र नभई हाल करिब आठ हजार ८०० पुस्तकसहित सुविधा सम्पन्न बनिसकेको छ । लाइब्रेरियन धनु पहारी पौडेलका अनुसार आफ्नो निरन्तरको यात्राका क्रममा २०७९ सालमा यो पुस्तकालय देशभरका सार्वजनिक सामुदायिक पुस्तकालयमध्येबाट उत्कृष्ट भई नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयबाट १५औं पुस्तकालय दिवसका अवसरमा पुरस्कृत भइसकेको छ । विशेषतःपुस्तकालयका आसपासका क्षेत्रबाट बालकदेखि वृद्धसम्म सबै उमेर समूहका पाठकको आकर्षण बनिरहेको यो पुस्तकालय विभिन्न आयोगको तयारी गरिरहेका परिक्षार्थीका लागि पनि वरदान सावित भएको छ। पुस्तकालयमा दैनिक विभिन्न उमेर समूहका पाठक आउने गरेको बताउँदै लाइब्रेरियन पौडेलले भन्नुभयो, "पुस्तकालयमा वैदेशिक रोजगारमा जानेका लागि सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरिएको छ । त्यस्तै किशोरीका लागि प्रविधि एवं क्षमता अभिवृद्धि कार्यक्रम, समुदायमा स्वास्थ्य सचेतना कार्यक्रम, विभिन्न सीपमूलक विषयका तालिम गोष्ठी सेमिनार आदि समुदायमा मानवीय सेवा तथा सहयोग गर्ने नाफारहित सेवामूलक संस्थाका रुपमा काम गरिरहेको छ ।" पुस्तकालयले बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मलाई सबैलाई जोड्ने लक्ष्य राखेको पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार हाल पुस्तकालयमा आजीवन सदस्य १६७ जना रहेका छन् । त्यस्तै पाठक सङ्ख्या एक हजार जना रहेको छ भने दैनिक ५५ देखि ६० जनासम्म पाठकले यहाँ आएर नियमित अध्ययन गर्दै आएका छन् । पुस्तकालयमा निःशुल्क रुपमा आएर पढ्न सकिने व्यवस्था मिलाइएको जानकारी दिँदै लाइब्रेरियन पौडेलले पुस्तकालय परिचयपत्र प्रयोजनका लागि भने प्रतिव्यक्ति एक सय रुपैयाँ शुल्क लिने गरिएको जानकारी दिनुभयो । शुल्क तिरेर एक वर्ष समयावधिका लागि परिचयपत्र प्रदान गर्ने गरिएको र त्यसबाट आफूलाई चाहिने पुस्तक १५ दिनसम्मका लागि घरमा नै लगेर पढ्न सकिने र फिर्ता गरिने व्यवस्था मिलाइएको छ । सबै पुस्तकमा चिप्स जडित भई व्यवस्थित रुपमा राखिएको र पुस्तकलाई पाठक सदस्यहरूले सफ्टवेरमार्फत अभिलेख राखी पुस्तक घरमा लगेर पढ्न र फिर्ता गर्ने व्यवस्था गरिएको हो।

पाठकको सहजतालाई दृष्टिगत गरी शनिबार पनि खुला रहने यो पुस्तकालय आइतबार एक दिन बिदा गर्ने गरिएको छ । आफ्नै सुविधासम्पन्न चारतले भवनमा सञ्चालित पुस्तकालयलाई व्यवस्थित प्रभावकारी बनाउँदै यसमा विभिन्न कक्षहरू सञ्चालनमा आएका छन् । पाठकको चाहनालाई आत्मसात् गर्दै आएको पुस्तकालयमा हरेक तीन/तीन महिनामा बजारमा आएका नयाँनयाँ प्रकाशित पुस्तक उपलब्ध गराउने गरिएको उहाँले जानकारी दिनुभयो। पुस्तकालयलाई व्यवस्थित बनाउँदै जाने लक्ष्यअनुरुप सञ्चालित बालकक्षमा बालबालिकालाई लक्षित गरी चित्रकला, कथा, कविता र सामान्य ज्ञान आदिका पुस्तक राखिएको छ। बालसाहित्यका करिब ७०० पुस्तक रहेका र खेलौनासँग बालबालिका खेल्दै पढ्ने वातावरण मिलाइएको छ । पुस्तकालयको बालकक्षले आफूहरूलाई धेरै नै फाइदा मिलेको स्थानीय जनप्रकाश माविमा अध्ययनरत छात्रा दर्पण कुमारीले बताउनुभयो । विद्यालय नजिकै रहेका कारण पनि आफू र साथीहरूले समयसमयमा पुस्तकालयमा आउने र पढ्ने गरेको उहाँको भनाइ छ।

पुस्तकालयमा रहेको महिला कक्षमा महिला स्वास्थ्य एवं प्रजनन् स्वास्थ्यलगायत विषयका पाठ्यसामग्रीका साथै महिला अधिकारसम्बन्धी विभिन्न पुस्तक राखिएको छ । महिला कक्षकै प्रेरणास्वरुप करिब ५२० जना महिला सदस्य रहेको दीपशिखा महिला कृषि सहकारीसमेत सञ्चालनमा रहेको छ । महिला कक्षमा समयसमयमा महिलाका क्षमता अभिवृद्धिलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ। पुस्तकालयमा विभिन्न आयोगको तयारी गरिरहेका महिला नियमित रुपमा आएर अध्ययन गर्ने गरेका छन् । पुस्तकालय आफूजस्ता आयोगको तयारी गरिरहेका धेरैका लागि ठूलो सहयोगी बनेको नियमित पाठक माया गौतमले बताउनुभयो। "मैले विगत एक वर्षयता आयोगकै तयारीका सन्दर्भमा यस पुस्तकालयमा आउने गरेकी छु", उहाँले भन्नुभयो।

गौतम जस्तै चाटर्ड एकाउन्टेन्टका लागि तयारी गरिरहेकी आर्जु थापामगर पनि आफ्ना लागि पुस्तकालय धेरै नै सहयोगी बनिरहेको अनुभव सुनाउनुभयो । पुस्तकालयमा रहेको सभाहलमा विभिन्न तालिम गोष्ठी सेमिनार गर्न सकिनेछ । श्रव्य दृश्यसहितको सुविधा सम्पन्न यो सभाहल पुस्तकालयका साथै अन्य विभिन्न कार्यक्रम गर्न उपयोगी बनेको छ। पुस्तकालयमा रहेको खेलकुद, सङ्गीत कक्षमा युवा लक्षित खेलकुद र सङ्गीतका सामग्री राखिएको छ। यस कक्षमा विभिन्न खेलकुदका सामग्री, बाद्यवादनका सामग्री राखिएका छन् । आवश्यकता र रुचिअनुसार युवाले यी सामग्री प्रयोग गर्दै आएका छन् । पुस्तकालयमा हाल तीन कर्मचारी कार्यरत छन्। विभिन्न सङ्घसंस्थाबाट प्राप्त सहयोगका साथै प्रदेश सरकारबाट समयसमयमा प्राप्त हुने अनुदानबाट पुस्तकालयको व्यवस्थापनलाई सहयोग पुग्ने गरेको छ । पुस्तकालयमा रहेको कम्प्युटर आइसिटी कक्षमा इमेल इन्टरनेटसहित निःशुल्क कम्प्युटर शिक्षा उपलब्ध गराउने गरिएको छ। यस कक्षमा पाँच वटा ल्यापटप तथा पाँच वटा डेस्कटप कम्प्युटर रहेका छन्। कम्प्युटरको आधारभूत ज्ञान आवश्यक हुने पाठकलाई पुस्तकालयले निःशुल्क रुपमा कम्प्युटर तालिम उपलब्ध गराउँदै आएको लाइब्रेरियन पौडेलले जानकारी दिनुभयो।

यसबाट विभिन्न रोजगारीका सन्दर्भमा आधाभूत कम्प्युटरको ज्ञान आवश्यक हुने पाठक विशेष रुपमा लाभान्वित हुने गरेका छन्।

**जन्मदिनमा पुस्तकालयलाई एक रुपैयाँ**

पुस्तकालयको दिगो सञ्चालनकै लागि पाठक एवं समाजसेवीबाट जन्मदिनका अवसरमा स्वेच्छिक रुपमा दिनको एक रुपैयाँ सङ्कलन अभियान चलाइएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । दिनको एक रुपैयाँका दरले सहयोगीबाट वर्षको न्यूनतम ३६५ रुपैयाँ सङ्कलन अभियानस्वरुप एक वर्षकै अवधिमा करिब एक लाख रुपैयाँ सङ्कलन भइसकेको उहाँले जानकारी दिनुभयो । पुस्तकालयको दिगो सञ्चालनकै लागि पुस्तकालय भवनका सटरबाट मासिक करिब रु ५० हजार सङ्कलन हुने भएकाले कर्मचारी व्यवस्थापनलाई केही सहयोग पुगेको छ । दिगो सञ्चालनकै लक्ष्यका साथ सुरु गरिएको अक्षयकोष सङ्कलन अभियानबाट करिब रु २० लाख अक्षयकोषसमेत सङ्कलन भएको र त्यसलाई रु ५० लाखसम्म पुऱ्याउने लक्ष्य राखिएको छ । पुस्तकालयले यसवर्ष भदौ १५ गते मनाउन लागिएको १८औँ राष्ट्रिय पुस्तकालय दिवसलाई विभिन्न कार्यक्रमका साथ मनाउन लागेको छ । 'हाम्रो पुस्तकालय : हाम्रो भविष्य' भन्ने आदर्श वाक्यका साथ मनाउन लागिएको यसवर्षको पुस्तकालय दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक विष्णुहरि पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार पुस्तकालयले दिवसका अवसरमा पुस्तकालयमा वर्षभर आउने बाल पाठकलाई लक्षित गरी चित्रकला प्रतियोगिता, प्रभातफेरी, विद्यालयस्तरीय प्रतियोगितात्मक 'भानुभक्तकृत रामायणका श्लोकको लयात्मक वाचन' कार्यक्रम आयोजना गरिएको छ। नेपालमा १८६९ भदौ १५ गते तत्कालीन राजा गीवार्णयुद्ध विक्रम शाहले हनुमानढोकामा पहिलोपटक 'पुस्तक चिताइ तहबिल' स्थापना गर्नुभएको थियो । त्यस समयमा पुस्तकालयको रेखदेखका लागि पं केदारनाथझालाईजिम्मेवारीदिइएको थियो । पुस्तक चिताइ तहबिलका रूपमा पुस्तकालयसम्बन्धी पहिलो कानुन बनेको दिनको स्मरण गर्दै २०६५ सालदेखि औपचारिक रूपमा पुस्तकालय दिवस मनाउँदै आइएको हो। पछिल्लो तथ्याङ्कले नेपालमा सामुदायिक पुस्तकालयको सङ्ख्या एक हजारभन्दा बढी रहेको छ। सामुदायिक जागरणका लागि पुस्तकालय अपरिहार्य भएको ठहर गर्दै तत्कालीन समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत केही बौद्धिक व्यक्तित्वहरूले प्रधानमन्त्री भीम शमसेरका पालामा पुस्तकालय स्थापना गर्दा १९८७ सालमा 'लाइब्रेरी पर्व' भएको थियो । त्यस समयमा पुस्तकालय स्थापना गरेबापत तत्कालीन सरकारबाट उनीहरूलाई जनही १०० रुपैयाँ जरिवाना तिराइएको थियो।

**पठन संस्कृतिको विकासका लागि वरदान**

पछिल्ला समयमा पठन संस्कृतिको अभाव भइरहेका समयमा सामुदायिक पुस्तकालय पठन संस्कृतिको जगेर्नाका लागि पनि उपयोगी बन्दै आएका छन्। सङ्घीय संरचनापछि प्रदेश तथा स्थानीय तहबाट पनि सामुदायिक पुस्तकालयको विकासका लागि विभिन्न पहल कदमी गरिँदै आइएको पाइन्छ। एक वर्षअघि गण्डकी प्रदेश सरकारले प्रदेशभित्रका १५ वटा पुस्तकालयलाई स्तरोन्नतिका लागि अनुदानसमेत उपलब्ध गराएको थियो। स्तरोन्नतिका लागि मापदण्ड पूरा गरेका १५ वटा पुस्तकालय अनुदानका लागि छनोट गर्दै सरकारले ती प्रत्येक पुस्तकालयलाई रु एक लाख ७५ हजारका दरले अनुदान सहयोग प्रदान गरेको थियो। पुस्तकालयको पुस्तक खरिद, फर्निचर, सूचना प्रविधिलगायतमा खर्च गर्नेगरी अनुदान रकम उपलब्ध गराइएको थियो । पुस्तकालयलाई सामुदायिक अध्ययन केन्द्रका रुपमा विकास गर्दै भूगोल, इतिहास, कला, साहित्य, संस्कृति, पर्यटनलगायत विषयका पठन सामग्रीको व्यवस्थापनबाट गण्डकी प्रदेशको पहिचानलाई सुदृढ बनाउने उद्देश्यका साथ उक्त सहयोग गरिएको थियो। गण्डकी प्रदेशबाट दीपशिखा सामुदायिक पुस्तकालयसहित पोखरा सार्वजनिक पुस्तकालय, पोखरा सामुदायिक पुस्तकालय, बाग्लुङको विद्यामन्दिर पुस्तकालय, स्याङ्जाको कालिका पुस्तकालय, मातृभूमि पुस्तकालय र अर्जुनचौपारी पुस्तकालयलाई सहयोग प्रदान गरिएको थियो। यसैगरी लमजुङको जनचेतना पुस्तकालय र भोटेओडार पुस्तकालय, मुस्ताङको थाक पुस्तकालय, म्याग्दीको सामुदायिक पुस्तकालय, तनहुँको देवघाट पुस्तकालय, गोरखाको त्रिभुवन पुस्तकालय, नवलपुरको नवक्षितिज पुस्तकालय र फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रलाई अनुदान सहयोग उपलब्ध गराइएको हो।

# पोखरामा पाडी-बाछी हुर्काउन किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भाद्र

पोखरा महानगरपालिकामा पाडी-बाच्छी हुर्काउनका लागि किसानले गत आर्थिक वर्ष २०८१/८२ मा रु २६ लाख अनुदान पाएका छन्।

गण्डकी प्रदेश सरकारअन्तर्गतको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले गाईभैंसीका बाछी-पाडी हुर्काउने किसानलाई सो प्रोत्साहन रकम प्रदान गरेको हो। गत वर्ष एक सय ७५ किसानका दुई सय ६० पाडी तथा बाछी हुर्काउने कार्यका लागि सो रकम प्रदान गरिएको विज्ञ केन्द्रका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत शम्भुराज पाण्डेले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रतिपाडी-बाछी रु १० हजारका दरले अनुदान प्रदान गरिएको हो । गत वर्ष यस कार्यक्रमका लागि एक सय ८८ जना किसानले आवेदन दिएका थिए। केन्द्रले गत वर्ष पोखरा महानगरका पशुपालन बढी हुने नौ वडामा यो कार्यक्रम लागू गरेको थियो। पोखराका वडा नं २, ५, ६, ७, १७, १८, २२, २३ र २४ मा कार्यक्रम लागू गरिएको थियो।

सीमित बजेटका कारणले जिल्लाभर कार्यक्रम कार्यान्वयन गर्न नसकिएको पाण्डेले बताउनुभयो। कास्कीमा पाडी-बाछी हुर्काउन प्रोत्साहन सहयोग कार्यक्रम पाँच वर्षदेखि सञ्चालन हुँदै आएको छ । उहाँले भन्नुभयो, "पाडीबाछी हुर्काउने कार्यक्रम जिल्लामा सबैभन्दा प्रभावकारी बनेको छ। यसबाट किसानको लागत कम हुने तथा उन्नत जातका स्थानीय पशुको विकास गर्दै स्वदेशमा गाईभैंसीमा आत्मनिर्भर बन्ने कार्यमा सहयोग पुगेको छ। बजेट अभावमा जिल्लाभर एकैपटक कार्यक्रम गर्न सकेका छैनौं, पालैपालो सबै स्थानीय तहमा कार्यान्वयन गर्ने योजना छ ।" प्रोत्साहन रकम लिन किसानले कृत्रिम गर्भाधानबाट जन्मेको प्रमाणसहित कम्तीमा एक वर्ष उमेरको कोरली बाछी तथा पाडी भएको भनी प्राविधिकले प्रमाणित गरेपछि अनुदानका लागि आवेदन दिन सक्ने पशु विकास अधिकृत सहदेव पौडेलले बताउनुभयो।

पाडी-बाछी हुर्काउन लागत बढ्दा किसानले झन्झट मान्ने र सुरुमै गोठबाट हटाउने गरेकाले उनीहरूलाई प्रोत्साहन कार्यक्रम ल्याएर त्यसबापत अनुदान दिएर बाहिरबाट गाईभैंसी आयात गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने लक्ष्य रहेको बताइन्छ।

उन्नत नश्लका पाडीबाछी हुर्काउँदै उत्पादनयोग्य बनाएर विदेशबाट गाईभैंसी आयात गर्नुपर्ने अहिलेको अवस्थाको अन्त्यका लागि कार्यक्रम प्रभावकारी बन्ने विश्वास लिइएको छ । पोखराका व्यावसायिक किसान शोभाखर भण्डारीले सरकारले अनुदान दिएकाले पाडीबाछी हुर्काएर उत्पादन दिने बनाउन सहयोग पुगेको बताउनुभयो । उहाँले यस कार्यक्रम जिल्लाका सबै पालिकामा कार्यान्वयन गर्न सरकारसँग माग गर्नुभयो।

# भाष्कर स्मृति प्रतिष्ठानद्धारा जेष्ठ नागरिक र विद्यार्थीहरु सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भाद्र



मादी गाउँपालिका वडा नं. ४ घाम्नुङमा रहेको भाष्कर स्मृति प्रतिष्ठानले हरितालिका तीजको अवसरमा जेष्ठ नागरिक सम्मान तथा तीज विषेश सांगीतिक कार्यक्रम हालै सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि मादी-४ का वडा अध्यक्ष शिवप्रसाद सापकोटाले उद्‌घाटन गरेको कार्यक्रममा प्रतिष्ठानको बारेमा संस्थापक अध्यक्ष यम बहादुर सापकोटाले वोलेका थिए भने परिकल्पनाकार अमर सापकोटाले साउदी अरबबाट शुभकामना दिएका थिए।

कार्यक्रममा भाट समाज काहुँखोलाका अध्यक्ष श्रीराम रानाभाट, जेष्ठ नागरिक सुकुमाया सापकोटा, तारकाङ पोखरा सम्पर्क समाजका अध्यक्ष बलराम सापकोटाले शुभकामना मन्तव्य दिएका थिए।

चर्चित कलाकार तुलसी क्षेत्री र कृष्ण भट्टराईले तीज गीत प्रस्तुत गरेका थिए । सो अवसरमा जेष्ठ नागरिकहरु केशव सापकोटा, मंगल बहादुर सापकोटा, बुद्धि बहादुर सापकोटा, कुसुदेवी सापकोटा, देवी सापकोटा, पुतली सापकोटा, सुकुमाया सापकोटा र रसा माया सापकोटालाई सम्मान गरिएको थियो । त्यसै गरी विद्यार्थीहरु संदिप सापकोटा र अभिषेक सापकोटा, कलाकारहरु तुलसी क्षेत्री र कृष्ण भट्टराईलाई सम्मान गरिएको थियो।

प्रतिष्ठानका अध्यक्ष दुर्गाबहादुर सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक युवराज सापकोटाले र संचालन सचिव रोशन सापकोटाले गरेका थिए।

# दुई हजार १२० घरमा केन्द्रीय विद्युत् प्रसारण लाइन विस्तार

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ भाद्र

लघुजलविद्युत्को भरमा हरेका बागलुङका ग्रामीण क्षेत्रमा धमाधम केन्द्रीय प्रसारण लाइन विस्तार गर्न थालिएको छ । नेपाल विद्युत् प्राधिकरण बागलुङ शाखाले पछिल्लो एक वर्षमा यस वर्ष दुई हजार १२० घरमा केन्द्रीय प्रसारण लाइन विस्तार गरेको छ । वर्षौंदेखि लुघजलविद्युत् आयोजनामार्फत विद्युत् प्रयोग गर्दै आएका क्षेत्रमा केन्द्रीय लाइन विस्तार गरिएको हो।

जिल्ला सदरमुकाम आसपास क्षेत्रमा केन्द्रीय प्रसारण लाइन विस्तार भइसकेको हुँदा अहिले पश्चिम बागलुङका ढोरपाटन नगरपालिका, निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकामा काम भइरहेको विद्युत् प्राधिकरणका प्रमुख पवन पौडेलले जानकारी दिनुभयो । पछिल्लो एक वर्षमा दुई हजार बढी घरमा केन्द्रीय लाइन विस्तार गर्दा ३७ हजार ४१६ ग्राहक बढेको उहाँको भनाइ छ । प्रमुख पौडेलका अनुसार रु १५ करोड ९२ लाख ५२ हजार १७७ लागतमा ३५ किलोमिटर ११ केभी र ४९ किलोमिटर शून्य दशमलव चार केभी लाइनको संरचना निर्माण गरिएको छ । एक वर्षमा ३७ स्थानमा ट्रान्फर्म जडान भएको पौडेलले जानकारी दिनुभयो।

जिल्लाभर हालसम्म ८५ प्रतिशत घरमा विद्युत्को पहुँच पुगेको भन्दै त्यसमध्ये २९ दशमलव नौ प्रतिशत घरमा मात्र लघुजलविद्युत्को प्रयोग भइरहेको उहाँको भनाइ छ। "बागलुङ वितरण केन्द्रबाट अघिल्लो वर्षदेखि नै पश्चिम बागलुङलाई 'फोकस' गरेर लाइन विस्तार गरिरहेका छौं, यस वर्ष ढोरपाटन र बडिगाडको केही ठाउँमा बत्ती बाल्यौं सफल भयौं, लाइन विस्तार धेरै ठाउँमा भएको छ", प्रमुख पौडेलले भन्नुभयो, "अब जिल्लाका सबै दूरदराजमा केन्द्रीय लाइन पुर्‍याउने काम भइरहेको छ, अझै पनि जिल्लामा करिब ३० प्रतिशतका हाराहारीमा जलविद्युत् नै प्रयोग हुने गरेको छ ।" केन्द्रीय लाइन विस्तार भएपछि ग्रामीण क्षेत्रका स्थानीय खुसी भएका छन्। केन्द्रीय लाइन जडान गरेपछि लघुजलविद्युत् बिग्रिँदा महिनौंसम्म अँध्यारोमा बस्नुपर्ने बाध्यता हटेको बडिगाड गाउँपालिका-९ का कुलबहादुर क्षेत्रीले बताउनुभयो । केन्द्रीय लाइन जडान भएपछि बर्खाको समयमा धेरैपटक लाइन जाने गरेको उहाँको भनाइ छ । पछिल्लो एक महिनादेखि दैनिक दुईदेखि पाँच घण्टा लाइन जाने गरेको क्षेत्रीले गुनासो पोख्नुभयो।

हालसम्म बागलुङका अधिकांश बस्तीमा केन्द्रीय तथा लघुजलविद्युत्को लाइन पुगेको छ । तर निसीखोला गाउँपालिका-५ स्थित निसेलढोर भने अन्धकारमै छ । राज्यले उपेक्षामा पार्दा सिङ्गो गाउँ नै अन्धरकारमा बस्न बाध्य रहेको स्थानीय देवबहादुर विकले बताउनुभयो।

गाउँमा लाइन नहुँदा सामान्य मोबाइल चार्ज गर्न पनि घण्टौं हिँडेर ढोरपाटन पुग्नुपर्ने उहाँले गुनासो पोख्नुभयो । जिल्लाभर ९८ वटाभन्दा बढी लघुजलविद्युत् आयोजना सञ्चालनमा रहे पनि निसेलढोरमा लाइन पुग्न नसकेको हो।

# भीरकोटमा डिजिटल नागरिक बडापत्र

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ भाद्र

स्याङ्जाको भीरकोट नगरपालिकाले नगरका सबै वडामा डिजिटल नागरिक बडापत्र सञ्चालनमा ल्याएको छ । नगरपालिकाले परम्परागत फ्लेक्स प्रिन्टलाई भित्तामा झुड्याइने नागरिक बडापत्रलाई विस्थापित गर्दै डिजिटल बडापत्र संचालनमा ल्याएको हो।

नगर कार्यपालिका र नौवटै वडा कार्यालयमा डिजिटल नागरिक बडापत्र प्रयोगमा ल्याइएको नगरप्रमुख गोविन्द कर्माचार्यले बताए । सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन र जनतालाई डिजिटल प्रविधिमा जानकार बनाउन डिजिटल बडापत्र प्रयोगमा ल्याएको उनले बताए । कार्यपालिकामा डेढ बर्ष पहिला र वडावडामा गत असारबाट डिजिटल नागरिक बडापत्र प्रयोगमा ल्याइएको छ। डिजिटल बडापत्रमा नगरपालिका र वडाबाट प्रवाह हुने सम्पूर्ण सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात र लाग्ने दस्तुर, जनप्रतिनिधिहरू र कर्मचारीको फोटोसहितको विवरण समाबेश गरिएको छ। डिजिटल भीरकोट अवधारणा अनुरूप डिजिटल बडापत्र प्रयोगमा ल्याइएको बताउदै कर्माचार्यले २० लाख ५० हजार रुपैयाँको लागतमा सफ्टवेयर हब नेपालको प्राविधिक सहयोगमा डिजिटल बडापत्र प्रयोगमा ल्याईएको बताए । स्थानीय सरकार ऐन, २०७४ अनुसार नागरिकको अधिकार र जिम्मेवारी सुनिश्चित गर्ने कानुनी आधार नागरिक बडापत्र हो । नागरिकलाई सेवा पाउने हक, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दछ भने बडापत्रले स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा जस्ता आधार भूत सेवामा पहुँच पुऱ्याउने अपेक्षा गरिन्छ।